(२४) अ र क यी दुई मनुष्यहरू केही मिल अन्तरमा थिए त्यहाबाट एकै बाटोमा एकै कालमा एकै दिशामा हिड्दा पछी भएको अले कलाई ११ घंटामा भेट्छ तर तिनीहरू दुवै परस्पर संमुख हीडेको भए ३ घंटामा भेट हुने थियो भने तिनीहरूको हिडाईको चाल कुन गुणाको थियो?

(२५) अ र क यी दुई मित्रहरूसंग केही रुपैञा थियो तब कसंग जति रुपैञा थियो उति रुपैञा अले कलाई दियो, फे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'री असंग जति रुपैञा बाकी थियो उति रुपैञा कले अलाई दियो यस प्रकारको एक वारको लेनदेनमा दुवै संग समान रुपैञा भयो भने तिनीहरू दुवैको रुपैञा के गुणको थियो ?

श्रेढीफल.

४९. जुन उत्तरोत्त पदहरू क्रमैसंग एक वा अधिक, अथावा द्विगुण त्रिगुण इत्यादि, अथवा भागोत्तर भएर बढ्दै गएको श्रेढीहरूको गणित गर्ने क्रियालाई श्रेढीफल भन्दछन्.

५०. श्रेढीहरू तीन प्रकारका हुन्छन् तुल्योत्तर श्रेढी, गुणोत्तर श्रेढी, व्यस्तोत्तर श्रेढी.

५१. जुन श्रेढीहरूमा उत्तरोत्तर पदहरू क्रमैसंग समान एक वा अधिक आदिको पदभन्दा बढ्दै जान्छ त्यसलाई तुल्योत्तर श्रेढी, उत्तरोत्त पदहरू क्रमैसंग द्विगुण त्रिगुण इत्यादि समान गुण आदिको पदको बढदै जान्छ त्यसलाई गुणोत्तर श्रेढी, उत्तरोत्त पदहरू क्रमैसंग आदिको भागोत्तर भएर बढदै जान्छ त्यसलाई व्यस्तोत्तर श्रेढी भन्दछन्.

तुल्योत्तर श्रेढी.

५२. पहिलोको पदलाई आदि वा मुख, अरू जति बढदै जान्छ त्यसलाई चय वा उत्तर, अरू जतिसम्मको पदको संख्या छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनिसम्मको संख्यालाई गच्छ वा पद, अरू यिनीहरूको योगलाई सर्वधन वा गणित, अरू आखिरको पदलाई अन्त्यपद भन्दछन्.

जस्तैः— (१) ४, ६, १४, १६ ... ... इत्यादि

१०, ३, −४, −११ ... ... इत्यादि

अ, अ+क, अ+२क, अ+३क ... इत्यादि

यहाँ उत्तरोत्तर पदहरूको क्रमैसंग अन्तर गर्दा चयको ज्ञान हुन्छ यसर्थ चय= पहिलामा ४, दोस्रामा −७, तेस्रामा क भयो.

फेरी क्रमैसंग उत्तरोत्तर पदहरू लेख्दा

पहिलो पद=अ

दोस्रो पद=अ+क

तेस्रो पद=अ+२क

चौथो पद=अ+३क

य सम्मको पद=अ+(य−१)क

यसबाट स्पष्ट ज्ञान हुन्छ कि क को द्योतक संख्या गच्छको संख्या भन्दा एक कम हुन्छ.

यसर्थ गच्छको संख्या=न, अरू अन्त्यपद=म कल्पना गर्दा म= अ+(न−१)क हुन्छ.

४३. तुल्योत्तर श्रेढीमा जतिसम्मको गच्छको सख्या छ उतिसम्मको पदहरूको सर्वधन ल्याउँदा.

आदि=अ, चय=क, गच्छ=न, अन्त्यपद=म, अरू सर्वधन=य भए तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

य=अ−(अ+क)+(अ+२क)+… … … +(म−२क+(म−क)+म

उल्टाएर लेख्दा.

य=म+(म−क)+(म−२क)+… … …+(अ+२क)+(अ+क)+अ

यिनीहरू दुवै जोड्दा.

२य=(अ+म)+(अ+म)(अ+म)… … … गच्छको संख्या नसम्म
=न(अ+म)

∴ य=$\frac{न}{२}$(अ+म) … … … … … (१)

अरू म=अ+(न−१)क … … … … (२)

∴ य=$\frac{न}{२}${ २अ+(न−१)क } … … … (३)

यसबाट स्पष्ट ज्ञान हुन्छ कि तीन उपयोगी सिद्धान्तहरू हुने रहेछन्, यिनीहरूमध्ये प्रत्येकमा अक्षरहरूमध्ये एक अक्षरले अव्यक्त संख्याको ज्ञान गराउँछ अरू तीन अक्षरले व्यक्त संख्याको ज्ञान गराउँछ.

५४. तुल्योत्तर श्रेढीमा आदि, चय, गच्छको संख्या दिएर अन्त्यपद ल्याउँदा.

जस्तैः— (१) ३१, २६, २७, … … … गच्छको संख्या ३३, र१७ सम्मको.

यहाँ आदि=३१, अरू चय=−२ छ

∴ गच्छको संख्या ३३ सम्मको=३०+३२(−२)=−३३
अरू गच्छको संख्या १७ सम्मको=३१+१६(−२)=−१ } भयो.

जस्तैः— (२) ५$\frac{१}{३}$, ६$\frac{२}{३}$, ८, … … … गच्छको संख्या २७ सम्मको सर्वधन ल्याउँदा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ आदि=$५\frac{१}{३}$, अरू चय=$१\frac{१}{३}$क तब

$$\frac{२७}{२}\{ २\times\frac{१६}{३}+२६\times१\frac{१}{३} \}$$

$$=\frac{२७}{२}(\frac{३२}{३}+\frac{१०४}{३})$$

$$=\frac{२७}{२}\times\frac{१३६}{३}=६१२$$ भयो.

जस्तैः— (३) आदि=७, अन्त्यपद=४०, अरू सर्वधन =२८२ भए चय र गच्छको संख्या=कति ?

यहाँ गच्छको संख्या=न कल्पना गर्दा

$$\therefore २८२=\frac{न}{२}(७+४०)$$

न=१२ भयो.

फेरी चय=क कल्पना गर्दा

४०=गच्छको संख्या १२

=७+११क, वा क=३ भयो.

५ उदाहरण.

(१) ४, ७, १० ⋯ ⋯ ⋯ गच्छको संख्या २४, र ३८ सम्मको पदहरू निकाल.

(२) ८२, ७६, ७६ ⋯ ⋯ ⋯ गच्छको संख्या २१, र ४८ सम्मको पदहरू निकाल.

(३) १३, १४$\frac{१}{३}$, १५$\frac{२}{३}$ ⋯ ⋯ ⋯ गच्छको संख्या १२ र १८ सम्मको पदहरू निकाल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) –७, –५, –३ ··· ··· ··· गच्छको संख्या १६ र २२ सम्मको पदहरू निकाल.

(५) –३, ३.५, १० ··· ··· ··· गच्छको संख्या १८ र २३ सम्मको पदहरू निकाल.

(६) –३.६. ०, ३.६ ··· ··· ··· गच्छको संख्या २८ र ३२ सम्मको पदहरू निकाल.

(७) १५$\frac{3}{5}$, ११, ६$\frac{2}{5}$ ··· ··· ··· गच्छको संख्या ८० सम्मको पद निकाल.

(८) अ, २अ, ३अ ··· ··· ··· गच्छको संख्या १६ सम्मको पद निकाल.

(९) अ–क, अ+२क, अ+५क ··· ··· ··· गच्छको संख्या २४ सम्मको पद निकाल.

(१०) ३अ–क, ४अ–४क, ५अ–७क ··· ··· ··· गच्छको संख्या २८ सम्मको पद निकाल.

(११) $\frac{1}{8}$, –$\frac{2}{8}$, –$\frac{3}{8}$ ··· ··· ··· गच्छको संख्या १६ सम्मको पदहरूको सर्वधन निकाल.

(१२) ३४, ७४, ११४ ··· ··· ··· गच्छको संख्या २७ सम्मको पदहरूको सर्वधन निकाल.

(१३) ६, ६.४, ६.८ ··· ··· ··· गच्छको संख्या १८ सम्मको पहरूको सर्वधन निकाल.

(१४) अ, ३अ, ५अ ··· ··· ··· गच्छको संख्या न सम्मको पदहरूको सर्वधन निकाल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५) ३य, –य. –५य ... ... गच्छको संख्या य सम्मको पदहरूको सर्वधन निकाल.

(१६) ३य, ०, –३य ... ... गच्छको संख्या य सम्मको सर्वधन कति हुन्छ ?

(१७) –४म, –म, २म ... ... गच्छको संख्या न सम्मको सर्वधन कति हुन्छ ?

(१८) आदि=४, अन्त्यपद=४९, सर्वधन=२६५ भए चय र गच्छ =कति ?

(१९) आदि=४९, अन्त्यपद=१६, सर्वधन=३९० भए चय र गच्छ=कति ?

(२०) आदि=१८, सर्वधन=०, अन्त्यपद=–१८ भए चय र गच्छ =कति ?

(२१) आदि=१, अन्त्यपद=४७$\frac{2}{3}$, सर्वधन=३३३$\frac{1}{3}$ भए चय र गच्छ=कति ?

(२२) आदि=–५, अन्त्यपद=–३७ सवधन=–१८९ भए चय र गच्छ=कति ?

(२३) आदि=५, अन्त्यपद=–४१ सर्वधन=२८१ भए चय र गच्छ=अति ?

(२४) आदि=अ, अन्त्यपद,=१७अ, सर्वधन=६४अ भए चय र गच्छ=कति ?

(२५) आदि=७अ, अन्त्यपद=–४३अ, सर्वधन=–१९८अ भए चय र गच्छ=कति ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५५. तुल्योत्तर श्रेढीमा पृथक्२ गच्छको संख्यासम्मको दुइ पदहरू दिएर पदहरू ल्याउँदा आदि र चय अक्षरहरू कल्पना गरेर दुइ अव्यक्तहरूको मान अनेकवर्ण एकघात समीकरणबाट स्पष्ट ज्ञान हुन्छ.

जस्तैः— (१) गच्छको संख्या १३ र १८ सम्मको पदहरू क्रमैसंग २५, र ३५ भए ती पदहरू निकाल.

यहाँ आदि=अ, अरू चय=क कल्पना गर्दा

२५=गच्छको संख्या १३

=अ+१२क ··· ··· ··· (१)

३५= गच्छको संख्या १८

=अ+१७क ··· ··· ··· (२)

यसर्थ घटाउँदा −१०=−५क

∴ क=२

तब उत्थापनबाट अ=१

यसर्थ १, ३, ५, ७ ··· ··· ··· इत्यादि भयो.

५६. तुल्योत्तर श्रेढीमा गच्छको कोही तीन संख्या सम्मको तीन पदहरूमध्ये बीचको पद अरू दुइ पदहरूको तुल्योत्तर मध्यपद भन्दछन्.

जस्तैः— अ+क र अ+३क यी दुइ पदहरूको अ+२क तुल्योत्तर मध्यपद हुन्छ.

५७. तुल्योत्तर श्रेढीमा गच्छको कोही तीन संख्याहरूको तीन पदहरूमध्य दुई पदहरू दिएर तुल्योत्तर मध्यपद ल्याउँदा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ दुइ पदहरू अ, क; तुल्योत्तर मध्यपद=य कल्पना गर्दा-तुल्योत्तर श्रेढीमा अ, य, क यिनीहरू तीन पदहरू भए.

क–य=य–अ

यी दुवैमा चय समान छन.

यसर्थ य=$\frac{अ+क}{२}$

५८. तुल्योत्तर श्रेढीमा गच्छको कोही संख्यासम्मको दिएको दुइ पदहरूको बीचको जम्मै पदहरू ल्याउँदा चय ल्याएर ल्याउनू.

आदि=६ अन्त्यपद=४१ भए गच्छको संख्या ७ सम्मको बीचको पदहरू निकाल.

यहाँ आदि=६, अन्त्यपद=४१, गच्छको संख्या=६ हुन्छ.

फेरी चय=क कल्पना गर्दा

४१=गच्छको संख्या ६

=६+८क

यसर्थ क=५

तब पदहरू ६, १३, १७, ... २६, ३३, ३७, ४१

यसर्थ बीचको गच्छको संख्या ७ सम्मको पदहरू १३, १७, २१ ... ... २६, ३३, ३७

५९. गच्छको कोही संख्या सम्मको दिएको दुइ पदहरूको बीचको पदहरू ल्याउँदा.

यहाँ आदि=अ, अन्त्यपद=क दिएको छ अरू गच्छको संख्या नसम्मको चाहिएको भए पदको संख्या=न+२ होला.

फेरी चय=ग कल्पना गर्दा तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क=गच्छको संख्या न+२

=अ+(न+१)क

यसर्थ ग=$\frac{क-अ}{न+१}$

गच्छको संख्या नसम्मको बीचको पदहरू अ+$\frac{क-अ}{न+१}$, अ+$\frac{२(क-अ)}{न+१}$ ... ... अ+$\frac{न(क-अ)}{न+१}$ हुन्छ.

जस्तैः— (१) आदि=२५, गच्छको संख्या १६ सम्मको पद=१३० भए गच्छको संख्या ६ सम्मको पद=कति ? (तुल्योत्तर श्रेढीमा)

यहाँ चय=क कल्पना गर्दा

१३०=गच्छको संख्या १६

=२५+१५क

∴ क=७

६ सम्मको पद=२५+८×७=८१ भयो.

जस्तैः— (२) तुल्योत्तर श्रेढीमा गच्छको कोही तीन संख्याको तीन पदहरूको योग ४५, र तिनीहरूको गुणनफल ३१३५ भए ती पदहरू निकाल.

यहाँ मध्यपद=अ, चय=क मान्दा

तब तीन पदहरू अ+क, अ, अ−क भए.

यसर्थ अ+क+अ+अ−क=४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

∴ अ=१५ यो मध्यपद भयो.

फेरी अ१५ उत्थापन गर्दा

तब तीन पदहरू १५+क, १५, १५-क भए.

यसर्थ १५(१५+क) (१५-क)=३१३५

∴ क=४ यो चय भयो.

तब तीन पदहरू १९, १५, ११ भए.

जस्तैः— (३) ३०, २४, १८ यस प्रकारको तुल्योत्तर श्रेढीको पदहरूमध्ये कति गच्छको संख्यासम्मको पदहरूको योग ५४ हुन्छ.

यहाँ गच्छको संख्या=न, चय=-६

तब $५४=\frac{न}{२}\{ २\times ३०+(न-१)(-६)\}$

$=३०न-३न (न-१)$

यसर्थ $न^{२}-११न+१८=०$

∴ न=९ वा २ भयो.

यसर्थ गच्छको संख्या ९ सम्मको पदहरूको योग र गच्छको संख्या २ सम्मको पदहरूको योग समान हुन्छ तब ३०+२४+१८+१२+६+०-६-१२-१८=५४ अरू ३०+२४=५४ भयो.

जस्तैः— (४) तुल्योत्तर श्रेढीमा गच्छको संख्या १५ छ, बीचमा तीन पदहरूको योग ९६ र आखीरको तीन पदहरूको योग १५० हुन्छ भने ती पदहरू निकाल.

यहाँ आदि=अ, चय=क कल्पना गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तब १५०=आखीरको तीन पदहरूको योग

=अ+१४क+अ+१३क+अ+१२क

=३अ+३९क

यसर्थ अ+१३क=५० ... ... (१)

फेरी बीचको तीन पदहरूको पदको संख्या ७, ८, ९

तब ९६=बीचको तीन पदहरूको योग

=अ+६क+अ+७क+अ+८क

=३अ+२१क

यसर्थ अ+७क=३२ ... ... (२)

∴ पहिला र दोस्रोबाट क=३, अ=११

यसर्थ पदहरू ११, १४, १७, ... ४७, ५०, ५३ भयो.

६ उदाहरण.

(१) गच्छको संख्या १९ सम्मको र ११ सम्मको पदहरू क्रमै-संग ९७ र ६५ भए पदहरू निकाल.

(२) गच्छको संख्या २१ सम्मको −९९, र १० सम्मको −४४ भए जम्मै पदहरू निकाल.

(३) गच्छको संख्या १४ सम्मको −३५, र ९ सम्मको −२८ भ-ए पदहरू निकाल.

(४) गच्छको संख्या १३ सम्मको २०, र १० सम्मको १५½ भ-ए पदहरू निकाल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) गच्छको संख्या १७ सम्मको ३६, र ११ सम्मको २७ भए पदहरू निकाल.

(६) गच्छको संख्या १३ सम्मको १५६, र ३१ सम्मको ३७२ भए पदहरू निकाल.

(७) गच्छको संख्या १८ सम्मको १७०, र ११ सम्मको १०७ भए गच्छको संख्या १४ सम्मको पद कति ? (तुल्योत्तर श्रेढीमा)

(८) गच्छको संख्या ७ सम्मको ०, र ११ सम्मको −२४ भए तुल्योत्तर श्रेढीको गच्छको सख्या ४ सम्मको पद कति ?

(९) गच्छको संख्या १३ सम्मको ३३, र चौथा पद १२$\frac{3}{4}$ भए गच्छको संख्या ७ सम्मको तुल्योत्तर श्रेढीको पद कति ?

(१०) आदि=१००, अन्त्यपद=३७ भए बीचको गच्छको संख्या ६ सम्मको तुल्योत्तर श्रेढीको पदहरू निकाल.

(११) आदि=२४, अन्त्यपद=७ भए बीचको गच्छको संख्या ६ सम्मको तुल्योत्तर श्रेढीको पदहरू निकाल.

(१२) आदि=१०.४, अन्त्यपद=५ भए तुल्योत्तर गच्छको संख्या १० सम्मको बीचको पदहरू निकाल.

(१३) आदि=−१३$\frac{1}{3}$, अन्त्यपद=३ भए गच्छको संख्या ६ सम्मको तुल्योत्तर श्रेढीको बीचको पदहरू निकाल.

(१४) आदि=८$\frac{1}{3}$, अन्त्यपद=२$\frac{2}{3}$ भए गच्छको संख्या ३६ सम्मको तुल्योत्तर श्रेढीको बीचको पदहरू निकाल.

(१५) ३५, २८, २१ ... ... यस प्रकारको तुल्योत्तर श्रेढी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को पदहरूमध्ये कति गच्छको संख्यासम्मको पदहरूको योग ८४ हुन्छ ?

(१६) –१२, –११, –१० ... ... यस प्रकार तुल्योत्तर श्रेढीको पदहरूमध्ये कति गच्छको संख्यासम्मको पदहरूको योग –७२ हुन्छ ?

(१७) १६$\frac{3}{5}$, १६$\frac{2}{5}$, १६$\frac{1}{5}$ ... ... यस प्रकारको तुल्योत्तर श्रेढीको पदहरूमध्ये कति गच्छको संख्यासम्मको पदहरूको योग ३४३$\frac{3}{5}$ हुन्छ ?

(१८) १७, १५$\frac{2}{3}$, १४$\frac{1}{3}$ ... ... यस प्रकारको तुल्योत्तर श्रेढीको पदहरूमध्ये कति गच्छको संख्यासम्मको पदहरूको योग ७१$\frac{2}{3}$ हुन्छ ?

(१९) –१९$\frac{1}{2}$, –१८, –१६$\frac{1}{2}$ ... ... यस प्रकारको तुल्योत्तर श्रेढीको पदहरूमध्ये कति गच्छको संख्यासम्मको पदहरूको योग –११४ हुन्छ ?

(२०) ९.४, ९.८, १०.२ ... ... यस प्रकारको तुल्योत्तर श्रेढीमा गच्छको कति संख्यासम्मको पदहरूको योग १८३ हुन्छ ?

(२१) तुल्योत्तर श्रेढीमा तीन पदहरूको योग ७५ हुन्छ, अरू ती पदहरूको गुणनफल १५४०० हुन्छ भने ती पदहरू निकाल.

(२२) तुल्योत्तर श्रेढीमा तीन पदहरूको योग ३९ हुन्छ अरू ती पदहरूको वर्गयोग ६०५ हुन्छ भने ती पदहरू निकाल.

(२३) तुल्योत्तर श्रेढीमा छ पदहरूको योग ४८ हुन्छ; अरू सबै-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा ठुलो र सानो पदहरूको गुणनफल ३६ हुन्छ भने ती पदहरू निकाल.

(२४) तुल्योत्तर श्रेढीमा छ पदहरूको योग ६६ हुन्छ, अरू ती पदहरूको वर्गयोग ६५१ हुन्छ भने ती पदहरू निकाल.

(२५) तुल्योत्तर श्रेढीमा गच्छको संख्या ७ र ११ सम्मको क्रमसंग ३४ र ५० छन्, र अन्त्यपद=७० भए गच्छको संख्या निकाल.

गुणोत्तर श्रेढी.

६०. उत्तरोत्तर पदहरू जब स्थिर खण्डले बढ्दै वा घट्दै जान्छ त्यसलाई गुणोत्तर श्रेढी भन्दछन्.

गुणोत्तर श्रेढीका पदहरू यस्ता प्रकारका हुन्छन्.

४, ८, १६ ... ... इत्यादि

१, $-\frac{१}{२}$, $\frac{१}{४}$, $-\frac{१}{८}$ ... ... इत्यादि

अ, अय, अय^{२}, अय^{३} ... इत्यादि

यहाँ स्थिर खण्डलाई गुण भन्दछन् र कोही पदलाई त्यसको पछाडिको पदले भाग जिंदा गुणको ज्ञान हुन्छ; यसर्थ गुण=पहिलामा २, दोस्रा $-\frac{१}{२}$, तेस्रामा य भयो.

फेरी क्रमसंग उत्तरोत्तर पदहरू लेख्दा.

पहिला पद=अ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रा पद=अय

तेस्रा पद=अय^{२}

चौथा पद=अय^{३}

न सम्मको पद=अय$^{न-१}$

यसबाट स्पष्ट ज्ञान हुन्छ कि य को घातमापक गच्छको संख्या भन्दा एक कम हुन्छ; यसर्थ गच्छको संख्या=प, अरू अन्त्यपद=म कल्पना गर्दा म=अय$^{प-१}$ हुन्छ.

जस्तैः— (१) $\frac{१}{३}, -\frac{१}{६}, \frac{१}{१२}$ ... ... इत्यादि गच्छको संख्या ६ सम्मको अन्त्यपद ल्याउँदा.

यहाँ गुण=$-\frac{१}{६}\div\frac{१}{३}$ वा $-\frac{१}{२}$

छैटो पद=$\frac{१}{३}\times(-\frac{१}{२})^{६-१}=\frac{१}{३}\times-\frac{१}{३२}$

=$-\frac{१}{९६}$ भयो.

६१. गुणोत्तर श्रेढीमा गच्छको कोही तीन संख्यासम्मको तीन पदहरूमध्ये बीचको पद अरू दुइ पदहरूको गुणोत्तर मध्यपद भनिछन्.

दिएको दुइ पदहरूको बीचको गुणोत्तर मध्यपद ल्याउँदा.

यहाँ अ र क दुइ पदहरू, र मध्यपद=य कल्पना गर्दा गुणोत्तर श्रेढीको अ, य, क यिनीहरू तीन पदहरू भए; तब

$$\frac{क}{य}=\frac{य}{अ}$$

यी दुवैमा गुण समान छन्.

$$\therefore य^{२}=अक$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसर्थ य=$\sqrt{\text{अक}}$

६२. गुणोत्तर श्रेढीमा गच्छको कोही संख्यासम्मको दिएको दुइ पदहरूको बीचको जम्मै पदहरू ल्याउँदा गुण ल्यापर ल्याउनू:

आदि=अ, अन्त्यपद=क, भए गच्छको संख्या न सम्मको बीचको पदहरू निकाल.

यहाँ आदि=अ, अन्त्यपद=क गच्छको संख्या न+२ हुन्छ.

फेरी गुण=य कल्पना गर्दा

क=गच्छको संख्या न+२

$=\text{अय}^{\text{न+१}}$

$\therefore य^{न+१}=\frac{क}{अ}$

$\therefore य=\left(\frac{क}{अ}\right)^{\frac{१}{न+१}}$

यसर्थ गच्छको संख्या न सम्मको पदहरू अय, अय^{२} ..... अय^{न} जाहा य को मान $\left(\frac{क}{अ}\right)^{\frac{१}{न+१}}$ भएको छ

६३. गच्छको कोही संख्यासम्मको दिएको दुइ पदहरूको बीचको पदहरू ल्याउँदा.

७६८ र ६ को बीचको गच्छको संख्या ६ सम्मको जम्मै पदहरू निकाल.

यहाँ आदि=७६८, अन्त्यपद=६, अरू गच्छको संख्या ६+२ =८ हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तब गुण=गच्छको संख्या८

$=७६८य^{७}$

$\therefore य^{७}=\frac{१}{६४}$ वा $य=\frac{१}{२}$

गच्छको संख्या ६ सम्मको पदहरू ३८४, १६२, ९६, ४८, २४, १२ भयो.

६४. गुणोत्तर श्रेढीमा गच्छको संख्यासम्मको पदहरूको जम्मा ल्याउँदा.

आदि=अ, गुण=य, गच्छको संख्या=न, सर्वधन=म कल्पना गर्दा

$म=अ+अय+अय^{२}+ \cdots \cdots \cdots +अय^{न-१}$

फेरी दुवै पक्षहरूलाई य ले गुणदा

$मय=अय+अय^{२}+अय^{३}+ \cdots \cdots \cdots +अय^{न-२}+अय^{न-१}$
$+अय^{न}$

यसमा घटाउँदा $मय-म=अय^{न}-अ$

$\therefore (य-१)म=अ(य^{न}-१)$

$$\therefore म=\frac{अ(य^{न}-१)}{य-१} \cdots \cdots \cdots (१)$$

अंश र हरको चिह्न बदलदा

$$म=\frac{अ(१-य^{न})}{१-य} \cdots \cdots \cdots (२)$$

सर्वधन ल्याउनलाई पहिला र दोस्रा दुवै सिद्धान्त स्मरण गर्नलाई लाघव हुन्छ, जब चयको संख्याको पद १ भन्दा ठुलो र सजातीय हुन्छ त्यस बाहेक सबैमा दोस्रो सिद्धान्त उपयोगी छ प-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिला सिद्धान्त अल्प उपयोगी छ.

जस्तैः— (१) ५१२, २५६, १२८ ..... इत्यादि गच्छ-को संख्या ८ सम्मको पदहरूको सर्वधन ल्याउँदा

यहाँ गुण=$\frac{२५६}{५१२}$ वा $\frac{१}{२}$ एक भन्दा कम छ यसर्थ दोस्रा सिद्धान्तले.

$$\text{सर्वधन}=\frac{५१२\{१-(\frac{१}{२})^८\}}{१-\frac{१}{२}}$$

$$=१०२४\{१-(\frac{१}{२})^८\}$$

$$=\frac{१०२४\times २५५}{२५६}$$

=१०२० भयो.

जस्तैः— (२) $\frac{३}{४}$, −१, $\frac{४}{३}$ ..... गच्छको संख्या ६ स-म्मको पदहरूको सर्वधन ल्याउँदाः

यहाँ गुण=$-\frac{४}{३}$ यसर्थ दोस्रा सिद्धान्तले

$$\text{सर्वधन}=\frac{\frac{३}{४}\{१-(-\frac{४}{३})^६\}}{१+\frac{४}{३}}$$

$$=\frac{\frac{३}{४}\{१-\frac{४०९६}{७२९}\}}{\frac{७}{३}}$$

$$=\frac{३}{४}\times-\frac{३७३९}{७२९}\times\frac{३}{७}$$

$$=-\frac{४८१}{३९४}$$ भयो.

७ उदाहरण.

(१) ४, १०, २०, ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को संख्या६, र १० को पदहरू निकाल.

(२) ७२६, २४३, ८१, ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ८ र ११ को पदहरू निकाल.

(३) १६०, −८०, ४० ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या १२, १८ को पदहरू निकाल.

(४) १६२, −६६, ४८ ... ... इत्यादि कुणोत्तर श्रेढीमा गच्छको संख्या १३, र १७ को पदहरू निकाल.

(५) $८\frac{1}{2}$, $४\frac{1}{2}$, $२\frac{1}{2}$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या १५ र १६ को पदहरू निकाल.

(६) ·०००२४३, ·००८१, ·२७, ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ६, र ८ को पदहरू निकाल.

(७) ३, ६, १२ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ८ को अन्त्यपद निकाल.

(८) २, −८, ३२ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ६ को अन्त्यपद निकाल.

(६) ३, २, $\frac{४}{३}$, ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या १० को अन्त्यपद निकाल.

(१०) २, $-२^२$, $२^३$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या न को अन्त्यपद निकाल.

(११) य, $य^२$, $य^३$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या म को अन्त्यपद निकाल.

(१२) $य^३$, $य^२$, य ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को संख्या २४ को अन्त्यपद निकाल.

(१३) १२८० र २० बीचको गच्छको संख्या ५ सम्मको गुणोत्तर श्रेढीको पदहरू निकाल.

(१४) $\frac{1}{64}$ र १०२४ बीचको गच्छको संख्या ६ सम्मको गुणोत्तर श्रेढीको पदहरू निकाल.

(१५) $\frac{24}{25}$ र $\frac{3}{5}$ को बीचको गच्छको संख्या तीन सम्मको गुणोत्तर श्रेढीको पदहरू निकाल.

(१६) ८० र $-\frac{5}{64}$ को बिचको गच्छको संख्या चार सम्मको गुणोत्तर श्रेढीको पदहरू निकाल.

(१७) १२, $-3\frac{1}{2}$, १०८ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ६ सम्मको पदहरूको योगफल निकाल.

(१८) ६·४, ३·२, १·६ ... . इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ७ सम्मको पदहरूको योगफल निकाल.

(१९) $\frac{1}{32}$, $\frac{1}{16}$, $\frac{1}{8}$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ६ सम्मको पदहरूको योगफल निकाल.

(२०) ४, −१, $\frac{1}{4}$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ७ सम्मको पदहरूको योगफल निकाल.

(२१) $\frac{1}{2}$, $-\frac{1}{4}$, $\frac{1}{8}$ इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ११ सम्मको पदहरूको योगफल निकाल.

(२२) $\frac{5}{3}$, $\frac{5}{9}$, $\frac{1}{9}$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या ६ सम्मको पदहरूको योगफल निकाल.

(२३) ३, $-\frac{1}{2}$, १२ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संख्या म सम्मको पदहरूको योगफल निकाल.

(२४) $\sqrt{अ}$, $\sqrt{अ^२}$, $\sqrt{अ^३}$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या अ सम्मको सर्वधन निकाल.

(२५) $\sqrt{२}$, $२\sqrt{२}$, $४\sqrt{२}$ ... ... इत्यादि गुणोत्तर श्रेढीमा गच्छको संख्या १० सम्मको सर्वधन निकाल.

६५. $१+\frac{१}{३}+\frac{१}{३^२}+\frac{१}{३^३}$ ... ... इत्यादि गुणोत्तर श्रेढीको पदहरूको गच्छको संख्या न सम्मको सर्वधन ल्याउँदा.

$$\text{गच्छको संख्या न सम्मको सर्वधन}=\frac{१-\frac{१}{३^न}}{१-\frac{१}{३}}$$

$$=२\left(१-\frac{१}{३^न}\right)$$

$$=२-\frac{१}{३^{न-१}}$$

यसबाट स्पष्ट ज्ञान हुन्छ कि गच्छको संख्या भेरै सम्मको पदहरूको सर्वधन २ भन्दा सर्वदा सानो हुन्छ. यहाँ न जति ठुलो हुनशक्तछ $\frac{१}{३^{न-१}}$ यो भिन्न उति सानो हुनेरहेछ; यसर्थ गच्छको संख्या जहासम्म हुनशक्तछ उति सम्मको पदहरू लिएर सर्वधन ल्याउँदा २ बाट घट्ने हुने रहेछ.

६६. फेरी ६३ मा सर्वधन$=\frac{अ(१-य^न)}{१-य}$ छ.

$$=\frac{अ}{न+१}-\frac{अय^न}{१-य}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ गच्छको संख्या न= जति ठुलो संख्या कल्पना गरेतापनी न को मान य^{न} को मान भन्दा $\frac{अय^{२}}{१-य}$ को मान भन्दा सानो हुन्छ, अरू न को मान यथेष्ट ठुलो भएतापनी गच्छको संख्या न सम्मको पदहरूको सर्वधन $\frac{अ}{१-य}$ बाट $\frac{अय^{न}}{१-य}$ घटूने रहेछ; यसर्थ गच्छको संख्या सम्मको अन्त्यपद सम्मको गुणोत्तर श्रेढीको घटूतै गएको पदहरूको सर्वधन $\frac{अ}{१-य}$ हुनेरहेछ.

६७. गुणोत्तर श्रेढीको अन्त्यपद सम्मको पदहरूको सर्वधन आवर्त दशमलवको मान ल्याएर सिद्धान्तको दृष्टान्त तल लेखी देखाएको छ.

५·६७८ को मान ल्याउँदा

५·६७८=५·६७८७८७८ ... ... इत्यादि

$=५+\frac{६}{१०}+\frac{७८}{१००००}+\frac{७८}{१०००००}+$ .... इत्यादि

$=५+\frac{६}{१०}+\frac{७८}{१०^{३}}+\frac{७८}{१०^{५}}$ ..... इत्यादि

$=५+\frac{६}{१०}+\frac{७८}{१०^{३}}\left(१+\frac{१}{१०^{२}}+\frac{१}{१०^{४}}+ \text{.... इत्यादि}\right)$

$=५+\frac{६}{१०}+\frac{७८}{१०^{३}}\cdot\frac{१}{१-\frac{१}{१०^{२}}}$

$=५+\frac{६}{१०}+\frac{७८}{१०^{३}}\times\frac{१००}{९९}$

$=५+\frac{६}{१०}+\frac{७८}{९९०}$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

$=\frac{५६२२}{६६०}$

अङ्क गणितको रीतिवाट भिन्न रूपमा लेख्ता पनी मानमा फरक पर्दैन·

८ उदाहरण.

गुणोत्तर श्रेढीको अन्त्यपद सम्मको पदरूको सर्वधन निकाल·

(१) ८, ४, २, ⋯ (२) १६, १२, ९, ⋯

(३) $\frac{१}{३}, \frac{१}{९}, \frac{१}{२७}$ ⋯ (४) $\frac{१}{४}, -\frac{१}{६}, \frac{१}{९}$ ⋯

(५) $\frac{१}{३}, \frac{१}{४}, \frac{३}{१६}$ ⋯ (६) $\frac{७}{२}, -१, \frac{२}{७}$, ⋯

(७) ·१·२, ·६, ·३, ⋯ (८) ·४, ·०२, ·००१, ⋯

तल लेखिएको अवर्त दशमलवको ६५ को रीतीवाट मान ल्याउनू·

(९) ·७̇ (१०) ·१३̇ (११) ·७१̇ (१२) ·१२३̇ (१३) ·०९१̇

(१४) गुणोत्तर श्रेढीको गच्छको संख्या १२ को $३\frac{१}{२}$, र गच्छको संख्या ८ को $\frac{१}{२}$ भए ती पदहरू निकाल.

(१५) गुणोत्तर श्रेढीको गच्छको संख्या ७ को $\frac{११}{६२}$, र गच्छको संख्या ४ को $\frac{६}{५}$ भए ती पदहरू निकाल.

(१६) गुणोत्तर श्रेढीको गच्छको संख्या ८ को ६५६१, र गच्छको संख्या ५ को २४३ भए ती पदहरू निकाल.

(१७) गुणोत्तर श्रेढीको गच्छको संख्या ३ को $\frac{४}{९}$, र गच्छको संख्या ६ को $\frac{३२}{३४३}$ भए ती पदहरू निकाल.

(१८) १७९२को गुणोत्तर श्रेढीमा यस्तो तीन भाग गर कि पहिला र तेस्राको जम्मा दोस्राको $२\frac{२}{९}$ होस.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१९) गुणोत्तर श्रेढीको पहिला दुइ पदहरूको जम्मा=१ हुन्छ, अरू प्रत्येक पद ती पदहरू सबैको जम्माको दोवर भए ती पदहरू निकाल.

(२०) गुणोत्तर श्रेढीको पहिला तीन पदहरूको जम्मा ११·२ छ, अरू पहिला र तेस्राको जम्मा दोस्राको ·७५ भए पहिला तीन पदहरू निकाल.

(२१) $अ^२+२क$, $अ^४+४क$, $अ^६+६क$ ⋯ ⋯ इत्यादिको गच्छको संख्या म सम्मको पदहरूको सर्वधन कति ?

(२२) $\frac{३+२\sqrt{२}}{३-२\sqrt{२}}, १, \frac{३-२\sqrt{२}}{३+२\sqrt{२}}$ ⋯ ⋯ इत्यादि पदहरूको अन्त्यपद सम्मको पदहरूको सर्वधन कति होला ?

(२३) $\sqrt{\frac{३}{२}}, \sqrt[३]{२}, \sqrt[६]{\frac{३}{४}}$ ⋯ ⋯ इत्यादि पदहरूको अन्त्यपद सम्मको पदहरूको सर्वधन निकाल.

(२४) $२य-\frac{१}{२}, ४य+\frac{१}{६}, ६य-\frac{१}{१८}$ ⋯ ⋯ इत्यादि पदहरूको गच्छको संख्या २न सम्मको पदहरूको सर्वधन कति हुन्छ ?

व्यस्तोत्तर श्रेढी.

६८. जब व्यस्तोत्तर श्रेढीमा अनेक पदहरूमध्ये कोही तीन क्रमानुसारी पदहरू जस्तो पहिला र दोस्राको अन्तरको दोस्रा र तेस्राको अन्तर उस्तै पहिलाको तेस्रा भए तब व्यस्तोत्तर श्रेढीमा अनेक पदहरू हुन्छन.

जस्तैः— अ-क : क-ग :: अ : ग, क-ग : ग-घ :: क : घ, इत्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

दि भए व्यस्तोत्तर श्रेढीमा अ, क, ग इत्यादि पदहरू हुन्छन्.

६९. व्यस्तोत्तर श्रेढीमा अ, क, ग यी तीन पदहरू भए.

$$\frac{अ}{ग}=\frac{अ+क}{क-ग}$$

$$\therefore अ(क-ग)=ग(अ-क)$$

अ क ग ले भाग गर्दा $\frac{१}{ग}-\frac{१}{क}=\frac{१}{क}-\frac{१}{अ}$ तुल्योत्तर श्रेढीमा भए

यसर्थ तुल्योत्तर श्रेढीमा १, ४, ७, ⋯ इत्यादि, वा $\frac{१}{४}$, $-\frac{१}{४}$, $-\frac{३}{४}$, ⋯ इत्यादि, यिनीहरूको व्यस्तोत्तर श्रेढीमा १, $\frac{१}{४}$, $\frac{१}{७}$, ⋯ इत्यादि, वा ४, -४, $-\frac{४}{३}$ इत्यादि उल्टा पदहरू भए.

७०. गच्छको कोही संख्या सम्मको व्यस्तोत्तर श्रेढीको पदहरूको सर्वधन ल्याउँदा कोही अर्को सिद्धान्त छैन; यसर्थ गच्छको कोही संख्या सम्मको व्यस्तोत्तर श्रेढीको पदहरू तुल्योत्तर श्रेढीको रूप बिएर सर्वधन ल्याउँदा धेरै सिद्धान्तहरू हुन्छन्.

जस्तैः— व्यस्तोत्तर श्रेढीमा गच्छको संख्या १२ को $\frac{१}{२}$ अरू १६ को $\frac{३}{२}$ भए ती पदहरू निकाल.

यहाँ आदि+अ, तुल्योत्तर श्रेढीको रूप दिएपछि चय=क भए.

तब ५=गच्छको संख्या १२

$$=अ+११क$$

अरू $\frac{२५}{३}$=गच्छको संख्या १६

$$=अ+१८क$$

तब क=$\frac{१}{३}$, अ=$\frac{५}{३}$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसर्थ तुल्योत्तर श्रेढीको पदहरू $\frac{४}{३}$, $\frac{५}{३}$, २, $\frac{७}{३}$ ⋯ इत्यादि र अनुपातोत्तर श्रेढीका पदहरू $\frac{३}{४}$, $\frac{३}{५}$, $\frac{१}{२}$, $\frac{३}{७}$, ⋯ इत्यादि भए.

७१. व्यस्तोत्तर श्रेढीमा गच्छको कोही तीन संख्या सम्मको तीन पदहरूमध्ये बीचको पद अरू दुइ पदहरूको व्यस्तोत्तर मध्यपद भन्दछन्.

जस्तैः— व्यस्तोत्तर श्रेढीमा अ, य, क यी तीन पदहरू भए अ, क बीच य व्यस्तोत्तर मध्यपद भयो.

७२. दिएको दुइ पदहरूको बीचको व्यस्तोत्तर मध्यपद ल्याउँदा.

यहाँ दिएको दुइ पदहरू अ, र क अरू व्यस्तोत्तर मध्यपद ग भए.

तब $\frac{१}{अ}, \frac{१}{ग}, \frac{१}{क}$ तुल्योत्तर श्रेढीको पदहरू भए.

$$\therefore \frac{१}{ग}-\frac{१}{अ}=\frac{१}{क}-\frac{१}{ग}$$

$$\frac{२}{ग}=\frac{१}{अ}+\frac{१}{क}$$

$$ग=\frac{२अक}{अ+क}$$ व्यस्तोत्तर मध्यपद भयो.

यसबाट स्पष्ट ज्ञान हुन्छ कि दुइ पदहरूको गुणनफलको दोबरलाई तिनीहरूको योगले भाग लिंदा व्यस्तोत्तर मध्यपद हुन्छ.

७३. अ, क को बीचको तुल्योत्तर, गुणोत्तर, व्यस्तोत्तर मध्यपद क्रमैसंग आ, का, गा भए आ र का को बीचको गुणोत्तर मध्यपद हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

२ CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

सिद्ध गर्दा अा= $\frac{अ+क}{२}$

का=$\sqrt{अक}$

गा=$\frac{२अक}{अ+क}$

आगा=$\frac{अ+क}{२}\times\frac{२अक}{अ+क}$, वा अक=गा^{२}, वा गा=$\sqrt{अक}$

अर्थात् अा, अरू गा को बीचका गुणोत्तर मध्यपद भयो.

७४. केही क्रियासहित श्रेढी व्यवहारको विविध प्रश्नहरू तल लेखिएका छन्.

जस्तैः— (१) गुणोत्तर श्रेढीको यस्तो तीन् पदहरू निकाल कि तिनीहरूको गुणनफल १२५ र जम्मा २१$\frac{३}{५}$ हुन्छ.

यहाँ तीन पदहरू $\frac{अ}{क}$, अ, अक, भए.

तब $\frac{अ}{क}\times अ\times अक\times=१२५$ ⋯ (१)

अरू $\frac{अ}{क}+अ+अक$, वा अ$\left(\frac{१}{क}+१+क\right)=६\frac{५}{५}$⋯(२)

पहिलाबाट अ^{३}=१२५, वा अ=५

दोस्राबाट ५(अ+क+क^{२})=$६\frac{५}{५}$क

∴ क=३, वा $\frac{१}{३}$,

यसर्थ पदहरू $\frac{५}{३}$. ५, १५. भए.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तैः— (२) व्यस्तोत्तर श्रेढीमा तीन पदहरू अ, क, ग भ-ए व्यस्तोत्तर श्रेढीमा $\frac{अ}{क+ग}, \frac{क}{क+ग}, \frac{ग}{क+अ}$ यी तीन पदहरू हुन्छन् भनेर सिद्ध गर.

$$\frac{१}{अ}, \frac{१}{क}, \frac{१}{ग}$$

वा $\frac{अ+क+ग}{अ}, \frac{अ+क+ग}{क}, \frac{अ+क+ग}{ग}$

वा $१+\frac{क+ग}{अ}, १+\frac{अ+ग}{क}, १+\frac{अ+क}{ग}$

वा $\frac{क+ग}{अ}, \frac{अ+ग}{क}, \frac{अ+क}{ग}$ तुल्योत्तर श्रेढीको पदहरू भए.

$\therefore \frac{अ}{क+ग}, \frac{क}{अ+ग}, \frac{ग}{अ+क}$ व्यस्तोत्तर श्रेढीको पदहरू भए,

जस्तैः— (३) तुल्योस्तर श्रेढीमा गच्छको संख्या प सम्म-को $\frac{प}{५}+२$ भए गच्छको संख्या ४६ सम्मको पदहरूको सर्वधन ल्याउँदा.

यहाँ आदि=अ, अन्त्यपद=क; तब प=१ अरू प=४६ क्रमैसंग उत्थापन गर्दा तब

$$अ=\frac{१}{५}+२, \quad क=\frac{४०}{५}+२;$$

$$\therefore \text{सर्वधन}=\frac{प}{२}(अ+क)=\frac{४६}{२}\left(\frac{५०}{५}+४\right)$$

$$=\frac{४६}{२}\times १४=३४३ \text{ भयो.}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

जस्तैः— (४) गुणोत्तर श्रेढीमा अ, क, ग, घ, च पदहरू भए अ+ग अरू ग+च को बीच क+घ गुणोत्तर मध्यपद हुन्छ भनेर सिद्ध गर.

∵ अ, क, ग, घ, च संलग्न अनुपातको पदहरू भए.

$$\frac{अ}{क}=\frac{क}{ग}=\frac{ग}{घ}=\frac{घ}{च};$$

∴ प्रत्येक गुण $\frac{अ+ग}{क+घ}=\frac{क+घ}{ग+च}$

यसर्थ (क+घ)^2=(अ+ग) (ग+च)

७४. श्रेढी फलमा तल लेखिएको सिद्धान्तहरू बहुतै उपयोगी छन्.

(१) तुल्योत्तर श्रेढीमा गच्छको कोही संख्या सम्मको पदहरूमा एकै पद जोड्दा वा घटाउँदा बनेको पदहरूको पहिलेको जस्तै चय हुन्छ.

(२) तुल्योत्तर श्रेढीमा गच्छको कोही संख्या सम्मको पदहरूलाई एकै पदले गुणदा वा भाग लिंदा बनेको पदहरूको पहिलेको जस्तै चय हुँदैन.

(३) गुणोत्तर श्रेढीमा गच्छको कोही संख्या सम्मको पदहरूलाई एकै पदले गुणदा वा भाग लिंदा बनेको पदहरूको पहिलेको जस्तै गुण हुन्छ.

(४) गुणोत्तर श्रेढीमा अ, क, ग, घ, ..., इत्यादि पदहरू भए तीनीहरू संलग्न अनुपातमा पनी हुन्छन्.

$$\frac{अ}{क}=\frac{क}{ग}=\frac{ग}{घ}=\cdots\ \cdots\frac{१}{न}$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संलग्न अनुपातमा गच्छको कोही संख्या सम्मको पदहरू अ, अक, अक^{२} ⋯ इत्यादि पदहरूले उल्टा क्रमले रूप बन्दछन्.

९ उदाहरण.

(१) व्यस्तोत्तर श्रेढीमा $\frac{१}{५}$, $\frac{१}{६}$, $\frac{१}{७}$ – यी पदहरू भए गच्छको संख्या ७ को पद निकाल.

(२) $\frac{१}{८}$, $\frac{१}{१८}$, $\frac{१}{२८}$ ⋯ इत्यादि पदहरू भए गच्छको संख्या २० को व्यस्तोत्तर श्रेढीको पद निकाल.

(३) $\frac{१}{४}$, $\frac{१}{७}$, $\frac{१}{१०}$ ⋯ ⋯ इत्यादि पदहरू भए गच्छको संख्या ६ को व्यस्तोत्तर श्रेढीको पद निकाल.

(४) $\frac{१}{७}$, $\frac{१}{१२}$, $\frac{१}{१७}$ ⋯ ⋯ इत्यादि व्यस्तोत्तर श्रेढीको पदहरूको गच्छको संख्या न सम्मको पद निकाल.

(५) व्यस्तोत्तर श्रेढीको गच्छको संख्या ८ को $\frac{१}{१५}$, अरू १७ को $\frac{१}{७}$ भए ती १पदहरू निकाल.

(६) व्यस्तोत्तर श्रेढीको गच्छको संख्या ११ को $\frac{१}{१३}$, अरू २० को $\frac{१}{५}$ भए ती पदहरू निकाल.

(७) ७ र $८\frac{१}{२}$ को बीचको व्यस्तोत्तर मध्यपद निकाल.

(८) अ+क, अ–क को बीच व्यस्तोत्तर मध्यपद निकाल.

(९) $\frac{१}{य}$, $\frac{१}{र}$ को बीच व्यस्तोत्तर मध्यपद निकाल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

(१०) $\frac{१}{अ+क}, \frac{१}{अ-क}$ को बीच व्यस्तोत्तर मध्यपद निकाल.

(११) २, र ४ को बीच व्यस्तोत्तर दुइ मध्यपदहरू निकाल.

(१२) $२\frac{२}{५}$ र १२ को बीच व्यस्तोत्तर तीन मध्यपदहरू निकाल.

(१३) $१+\frac{४}{७}+\frac{२}{५}+ \cdots \cdots$ इत्यादि व्यस्तोत्तर श्रेढीको पदहरूको गच्छको संख्या ५ सम्मको सर्वधन कति हुन्छ ?

(१४) $(२अ+क)+३अ+(४अ-क)+ \cdots \cdots$ इत्यादि व्यस्तोत्तर श्रेढीको पदहरूको गच्छको संख्या न सम्मको सर्वधन निकाल.

(१५) $\frac{३}{५}-\frac{३}{७}+\frac{१}{३}- \cdots \cdots$ इत्यादि व्यस्तोत्तर श्रेढीको गच्छको संख्या ७ सम्मको पदहरूको सर्वधन कति होला ?

(१६) $अ^२, क^२, ग^२$ तुल्योत्तर श्रेढीको पदहरू भए सिद्ध गर कि क+ग, अ+ग, अ+क व्यस्तोत्तर श्रेढीको पदहरू होलान्.

(१७) व्यस्तोत्तर श्रेढीमा अ, क, ग यी पदहरू भए अनुपातोत्तर श्रेढीमा $\frac{१}{अ}+\frac{१}{क+ग}, \frac{१}{क}+\frac{१}{अ+ग}, \frac{१}{ग}+\frac{१}{अ+क}$ यीपदहरू पनी होलान् भनेर सिद्ध गर.

(१८) अ, क, ग, घ गुणोत्तर श्रेढीमा पदहरू भए सिद्ध गर कि $(क-ग)^२=अक+कघ-२अघ$ होला.

(१९) अ.दि=$अ+\frac{१}{२अ}$, गच्छको संख्या न सम्मको=$अन+\frac{१}{२नअ}$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए गच्छको संख्या न अम्मको पदहरूको सर्वसन कति होला.

(२०) दुइ पदहरूको बीच तुल्योत्तर मध्यपद र गुणोत्तर मध्यपदको योग र अन्तर क्रमैसंग १६ र ४ भए ती दुइ पदहरू निकाल.

(२१) दुइ संख्याहरू निकाल जसको अन्तर २ छ अरू तिनीहरूको बीच व्यस्तोत्तर मध्यपद $2\frac{2}{3}$ छ.

(२२) तुल्योत्तर मध्यपद र व्यस्तोत्तर मध्यपदको अन्तर $5\frac{1}{6}$ दुइ संख्याहरू बीच छ, र एक संख्या १ भए अर्को संख्या निकाल.

(२३) दुइ संख्याहरूको बीच तुल्योत्तर मध्यपद र व्यस्तोत्तर मध्यपदको अन्तर $\frac{2}{3}$ अरू एक संख्याको दोबर अर्को संख्या भए ती पदहरू निकाल.

(२४) दुइ संख्याहरू निकाल जसको तुल्योत्तर मध्यपद, गुणोत्तर मध्यपद, व्यस्तोत्तर मध्यपदको योग $19\frac{3}{5}$ र गुणनफल २१६ छ.

अरू सरल श्रेढीफल.

७६. तुल्योन्तर, गुणोत्तर, व्यस्तोत्तर यी तीन श्रेढीहरू पछी फेरी अरू केही आवश्यक सरल श्रेढीहरू छन् यस्तो केही श्रेढीहरूको सर्वधन ल्याउँदा केही रीतिहरू तल लेखिएका छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

जस्तैः— (१) १·२+२·३+३·४ ··· ··· ··· इत्यादि पदहरूको गच्छको संख्या न सम्मको सर्वधन कति होला ?

यहाँ गच्छको संख्या य सम्मको ··· ··· +य हुन्छ.

अरू गच्छको संख्या य सम्मको २+३+४ ···· ··· (य+१)हुन्छ.

यसर्थ दिएको श्रेढीहरूको गच्छको संख्या य सम्मको अन्त्यपद (य+१)=य^{२}+य

फेरी य=१, २, ३ ··· ··· न कल्पना गर्दा श्रेढीहरू = (१^{२}+२^{२}+३^{२}+ ··· ··· +न^{२})+(१+२+३+··· ··· +न)

यसर्थ सर्वधन=$\frac{न(न+१) (२न+१)}{०}+\frac{न(न+१)}{२}$ वा

$$\frac{न(न+१)}{२}\left\{\frac{२न+१}{३}+१\right\}$$

वा $\frac{न(न+१)(न+२)}{३}$ भयो.

जस्तैः— (२) १^{२}+३^{२}+५^{२}+ ··· ··· +न सम्मको श्रेढीहरूको सर्वधन ल्याउँदा.

यहाँ गच्छको संख्या य सम्मको १+३+५+ ··· ··· +(२य −१) हुन्छ.

यसर्थ दिएको श्रेढीहरूको गच्छको संख्या य को अन्त्यपद (२य−१)^{२}=४य^{२}−४य+१

य=१, २, ३ ···· न कल्पना गर्दा श्रेढीहरू=

४(१^{२}+२^{२}+३^{२}+ ··· ··· +)−४ (१+२+३+ ··· ··· +न) +(१+१+ ··· +न)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसर्थ सर्वधन=$४ \times \frac{न(न+१)(२न+१)}{६} - ४ \times \frac{न(न+न)}{२} + १ \times न$

$= २न(न+१)\left\{\frac{२न+१}{३} - १\right\} + न = \frac{४न(न^२-१)^२}{३} + न$

$= \frac{न(४न^२-१)}{३}$ भयो.

जस्तैः— (३) गच्छको संख्या न सम्मको १+३+६+१०+१५+२१+ ⋯ ⋯ इत्यादि पदहरूको सर्वधन ल्याउँदा.

यहाँ सर्वधन=य अरू अन्त्यपद=$प_न$ कल्पना गर्दा

तब य=१+३+६+१०+१५+ ⋯ ⋯ +$प_न$

अरू य=१+३+६+१०+ ⋯ ⋯ +$प_{न-१}$+$प_न$

यसर्थ घटाउँदा ०=(१+२+३+४+५+ ⋯ ⋯ गच्छको संख्या न सम्म)−$प_न$

∴ $प_न$=१+२+३+४+५+ ⋯ ⋯ न सम्मको पद=$\frac{१}{२}$न(न+१)

$= \frac{१}{२}(न^२+न)$

न=१, २, ३, ⋯ ⋯ इत्यादि कल्पना गर्दा श्रेढीहरू=

$\frac{१}{२}\{(१^२+२^२+३^२+ ⋯ ⋯ +न^२)+(१+२+३+ ⋯ ⋯ +न)\}$

यसर्थ सर्वधन=$\frac{१}{२}\left\{\frac{न(न+१)(२न+१)}{६} + \frac{न(न+१)}{२}\right\}$

$= \frac{१}{२} \times \frac{न(न+१)}{२}\left(\frac{२न+१}{३}+१\right) = \frac{न(न+१)(न+२)}{६}$ भयो.

जस्तैः— (४) गच्छको संख्या न सम्मको २+२२+२२२+

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२२२+ ⋯ ⋯ इत्यादि पदहरूको सर्वधन ल्याउँदा.

उद्दिष्ट पदहरू=$\frac{1}{9}$(९+९९+९९९+९९९९+ ⋯ ⋯ इत्यादि)

=$\frac{1}{9}$$\{$(१०−१)+(१०^{२}−१)+(१०^{३}−१)+ ⋯ ⋯ इत्यादि $\}$

=$\frac{1}{९}$$\{$(१०+१०^{२}+१०^{३}+ ⋯ ⋯ गच्छको संख्या न सम्म)−(१+१+१+ ⋯ ⋯ गच्छको संख्या न सम्म)$\}$

यसर्थ सर्वधन=$\frac{1}{९}$$\left\{\frac{१०(१०^{न}-१)}{१०-१}-न\right\}$=$\frac{1}{८१}$(१०^{न}−१)−$\frac{1}{९}$न) भयो.

जस्तैः— (५) गच्छको संख्या न सम्मको १+३+७+१५+३१+६३+ ⋯ ⋯ इत्यादि पदहरूको सर्वधन ल्याउँदा.

यहाँ सर्वधन=य अरू अन्त्यपद प$_{न}$ कल्पाना गर्दा

तब य=१+३+७+१५+३१+ ⋯ ⋯ +प$_{न}$,

अरू य=१+३+७+१५+ ⋯ ⋯ +प$_{न-१}$+प$_{न}$

यसर्थ घटाउँदा ०=(१+२+४+८+१६+ ⋯ ⋯ गच्छको संख्या न सम्म)−प$_{न}$;

∴ प$_{न}$=१+२+४+८+ ⋯ ⋯ गच्छको संख्या न सम्म=$\frac{२^{न}-१}{२-१}$

=२^{न}−१

न=१, २, ३, ⋯ ⋯ इत्यादि कल्पना गर्दा श्रेढीहरू=

(२+२^{२}२^{३}+ ⋯ ⋯ गच्छको संख्या न सम्म)−(१+१+१ + ⋯ ⋯ न सम्म)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

$=\frac{२(२^{न}-१)}{२-१}-न=२^{न+१}-(न+२)$ भयो.

जस्तैः— (६) $१^{२}+२^{२}+३^{२}+४^{२}+५^{२}+\cdots\cdots$ इत्यादि पदहरूको गच्छको संख्या न सम्मको सर्वधन ल्याउँदा.

यहाँ गच्छको संख्या यको पद= $\frac{१}{य(न+१)}=\frac{१}{य}-\frac{१}{य+१}$

फेरी य= १, २, ३, + ···· गच्छको संख्या न सम्मको कल्पना गर्दा श्रेढीहरू=

$$(\frac{१}{१}-\frac{१}{२})+(\frac{१}{२}-\frac{१}{३})+(\frac{१}{३}-\frac{१}{४})+\cdots\cdots+(\frac{१}{न-१}-\frac{१}{न})$$

$$+(\frac{१}{न}-\frac{१}{न+१})$$

$=१-\frac{१}{न+१}=\frac{न}{न+१}$ भयो.

किन भने आदि र अन्त्यपद बाहेक अरू सबै श्रेढीहरू आपसमा नाश हुन्छन्.

यसबाट स्पष्ट ज्ञान हुन्छ कि जब अन्त्यपद=न, र $\frac{१}{न+१}=०$ हुन्छ तब उदिष्ट श्रेढीहरूको अन्त्यपद सम्मको सर्वधन=१ हुन्छ.

७७. गच्छको संख्या न सम्मको मिश्र श्रेढीहरूको दुइ खण्डहरू मध्ये एक खण्ड तुल्योत्तर श्रेढी, र अर्को खण्ड गुणोत्तर श्रेढीका हुन्छन्.

जस्तैः— (७) $१+३य+५य^{२}+७य^{३}+\cdots\cdots$ इत्यादि पदहरूको गच्छको संख्या न सम्मको सर्वधन ल्याउँदा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ एक खण्ड १, ३, ५, ७, यी पदहरू तुल्योत्तर श्रेढीको भयो. जसको

आदि=१, चय=२. अरू गच्छ=न छ यसर्थ गच्छको संख्यान सम्मको अन्त्यपद=१+२(न−१)=२न−१ हुन्छ.

फेरी अर्को खण्ड १, य, $य^२$, $य^३$ यी पदहरू गुणोत्तर श्रेढीको भयो जसको गच्छको संख्या=न, गुण=य, आदि १ छ यसर्थ गच्छको संख्या न सम्मको अन्त्यपद=$य^{न-१}$ हुन्छ.

फेरी सर्वधन=स कल्पना गर्दा, तब

$$स=१+३य+५य^२+७य^३+\cdots\cdots+(२न-१)य^{न-१}\cdots\cdots\cdots(१)$$

दुवै पक्ष य ले गुणदा

$$सय=य+३य^२+५य^३+\cdots\cdots(२न-३)य^{न-१}+(२न-१)य^न\cdots\cdots(२)$$

पहिलाबाट दोस्रा घटाउँदा

$$स-सय=१+२य+२य^२+२य^३+\cdots\cdots २य^{न-१}-(२न-१)य^न$$

वा $स(१-य)=१+२य(१+य+य^२+य^३+\cdots\cdots+य^{न-२})-(२न-१)य^न\cdots(३)$

तर गुणोत्तर श्रेढीको अन्त्यगद न−१ को श्रेढीहरू $१+य+य^२+\cdots\cdots+य^{न-२}$ छ यसमा आदि=१, गुण=य छ यसर्थ सर्वधन $=\frac{१-य^{न-१}}{१-य}$ हुन्छ.

यसर्थ तेस्रा बाट

$$स(१-य)=१+२य.\frac{१य-न-१}{१-य}-(२न-१)य^न=१+\frac{२य}{१-य}-$$

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

$$\frac{२य^{न}}{१-य}-(२न-१)य^{न}$$

$$=\frac{१+य}{१-य}-\frac{२य^{न}(२न-१)(१-य)य^{न}}{१-य}=\frac{१+य}{१-य}-$$

$$\frac{(२न+१)य^{न}-(२न-१)य^{न-२}}{१-य}$$

$$\therefore \text{सर्वधन}=\frac{१+य}{(१-य)^{२}}-\frac{(२न+१)य^{न}-(२न-१)य^{न+१}}{(१-य)^{२}}$$

यसबाट स्पष्ट ज्ञान हुन्छ कि १ भन्दा य सानो र न ठुलो भए $य^{न}$, र $य^{न+१}$ दुवै धेरै सानो हुन्छन्; यसर्थ अन्त्यपद सम्मको जम्मा $\frac{१+य}{(१-य)^{२}}$ हुन्छ.

१० उदाहरण.

(१) गच्छको संख्या न सम्मको २+७+१४+२३+ ⋯ ⋯ इत्यादि श्रेढीहरूको सर्वधन निकाल.

(२) गच्छको संख्या न सम्मको १+५+१३+२६+ ⋯ ⋯ इत्यादि श्रेढीहरूको सर्वधन निकाल.

(३) $\frac{५}{७}+\frac{७}{३५}+\frac{९}{१३५}+\frac{११}{२३५}+$ ⋯ ⋯ इत्यादि श्रेढीहरूको अन्त्यपद सम्मको सर्वधन कति होला.

(४) $\frac{१}{२}+\frac{३}{४}+\frac{५}{८}+\frac{७}{१६}+$ ⋯ ⋯ इत्यादि श्रेढीहरूको गच्छको संख्या न सम्मको पदहरूको सर्वधन निकाल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) $१+\frac{३}{२}+\frac{७}{४}+\frac{१५}{८}+ \cdots \cdots$ इत्यादिको गच्छको संख्या न सम्मको पदहरूको सर्वधन निकाल.

(६) $१ ३+२·४+३·५+४·६+ \cdots \cdots$ इत्यादि श्रेढीहरूको गच्छको संख्या नसम्मको पदहरूको सर्वधन निकाल.

(७) $१·२·४+२·३·५+३·४·६+ \cdots \cdots$ इत्यादि श्रेढीहरूको गच्छको संख्या न सम्मको सर्वधन निकाल.

(८) $१·३·५+३·५·७+५·७·९+ \cdots \cdots$ इत्यादि श्रेढीहरूको गच्छको संख्या न सम्मको पदहरूको सर्वधन निकाल.

(९) $७^२+९^२+११^२+१३^२+ \cdots \cdots +२३^२$ को सर्वधन कति होला.

(१०) $२^२+५^२+८^२+११^२+ \cdots \cdots$ इत्यादि श्रेढीको गच्छको संख्या न सम्मको पदहरूको सर्वधन निकाल.

(११) $१^३+३^३+५^३+७^३+ \cdots \cdots$ इत्यादि श्रेढीको गच्छको संख्या न सम्मको पदहरूको सर्वधन निकाल.

(१२) $१+\frac{२}{३}+\frac{३}{५}+\frac{४}{७}+ \cdots \cdots$ इत्यादि श्रेढीहरूको गच्छको संख्या न सम्मको पदहरूको सर्वधन कति हुन्छ ?

(१३) ३+३३+३३३+३३३३+ $\cdots \cdots$ इत्यादि श्रेढीहरूको गच्छको संख्या न सम्मको सर्वधन कति ?

(१४) $·५+·५५+·५५५+·५५५५+ \cdots \cdots$ इत्यादि श्रेढीहरूको गच्छको संख्या न सम्मको पदहरूको सर्वधन कति हुन्छ ?

(१५) $अ^२+(अ+१)^२+(अ+२)^२+(अ+३)^२+ \cdots \cdots$ इत्यादि श्रेढीहरूको गच्छको संख्या न सम्मको पदहरूको स-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu